# प्राथमिक तहका दलित विद्यार्थीहरुले बीचैमा विद्यालय छाड्नुको स्थिति

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय पाठ्यक्रम तथा मूल्याङ्कन विषय अन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्ष **(Ed 598)** को आंशिक आवश्यकता पूरा गर्नको लागि प्रस्तुत

## प्रतिवेदन


**शोधकर्ता**

खड्गप्रसाद खरेल
परीक्षा रोल नं २८००२६
क्याम्पस रोल नं. १०७
त्रि. वि. दर्ता नं. ४९५/८७
जनता बहुमुखी क्याम्पस
पाठ्यक्रम तथा मूल्याङ्कन विभाग
इटहरी, सुनसरी


२०६८

**विषय : सिफारिश पत्र ।**

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय अन्तर्गत जनता बहुमुखी क्याम्पस पाठ्यक्रम तथा मूल्याङ्कन विभाग, इटहरी, सुनसरीमा स्नातकोत्तर तह दोस्रो वर्षमा अध्ययनरत छात्र **खड्गप्रसाद खरेलले "प्राथमिक तहका दलित विद्यार्थीहरुले बीचैमा विद्यालय छाड्नुको स्थिति"** शीर्षक शोधपत्र मेरो निर्देशन, सल्लाह र सुझावको आधारमा तयार पार्नुभएको हो । निज शोधकर्ताको यस कार्यप्रति म सन्तुष्ट छु र प्रस्तुत शोध-पत्रलाई शोध-पत्र मूल्याङ्कन समितिमा प्रस्तुत गर्न सिफारिश गर्दछु ।

मिति : २०६ /     /

(राजन शर्मा)

**शोध निर्देशक**

जनता बहुमुखी क्यामपस

इटहरी, सुनसरी

## विषय : स्वीकृति-पत्र ।

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय अन्तर्गत जनता बहुमुखी क्याम्पस, इटहरी, सुनसरीमा पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टीकरण विषय लिई स्नातकोत्तर तहमा अध्ययन गर्ने छात्र **खड्गप्रसाद खरेल**ले यस तहको आंशिक आवश्यकता परिपूर्तिका लागि गर्नुभएको **"प्राथमिक तहका दलित विद्यार्थीहरुले बीचैमा विद्यालय छाड्नुको स्थिति"** शीर्षकको शोध-पत्र मूल्याङ्कन समितिबाट स्वीकृत गरिएको छ ।

| क.स. | शोध मूल्याङ्कन समिति | हस्ताक्षर |
|---|---|---|
| १ | टोलनाथ काफ्ले, विभागीय प्रमुख | |
| २ | राजन शर्मा, शोध निर्देशक | |
| ३ | , बाह्य निरीक्षक | |

# कृतज्ञता

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय शैक्षिक पाठ्यक्रम तथा मूल्याङ्कन विभाग, जनता बहुमुखी क्याम्पस अन्तर्गत पाठ्यक्रम तथा मूल्याङ्कन विषयको स्नातकोत्तर तह दोस्रो वर्षको आंशिक आवश्यकता परिपूर्तिको निमित्त तयार पारिएको प्रस्तुत शोधपत्र हिमाली सोत केन्द्र अन्तर्गतका सामुदायिक विद्यालयका प्राथमिक तहमा अध्ययनरत् दलित विद्यार्थीहरुले बीचैमा विद्यालय छाड्ने कारणहरुसंग सम्बन्धित छ ।

प्रस्तुत शोधपत्र पाठ्यक्रम तथा मूल्याङ्कन विभाग, जनता बहुमुखी क्याम्पसका शिक्षक आदरणीय गुरु श्री राजन शर्माज्यूको निर्देशनमा तयार पारिएको हो । आफ्नो कार्यव्यस्तताका वावजुद पनि शोध-पत्र तयार गर्ने क्रममा संधै सद्भावपूर्ण तरिकाले कत्ति पनि झर्को नमानी प्रदान गर्नुभएको वहाँको निर्देशनप्रति म हृदयदेखि नै कृतज्ञता ज्ञापन गर्दछु । शोध-पत्र तयार गर्ने क्रममा महत्वपूर्ण सल्लाह र सुझाव एंव आवश्यक निर्देशन प्रदान गर्नुहुने जनता वहुमुखी क्याम्पसका क्याम्पस प्रमुख श्री नारद उप्रेतीज्यू र पाठ्यक्रम तथा मूल्याङ्कन विभागका प्रमुख आदरणीय गुरु श्री टोलनाथ काफ्लेज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

प्रस्तुत शोध-पत्र निर्माणार्थ तथ्याङ्क संकलन गर्ने क्रममा आवश्यक विविध सूचना, जानकारी एवम् तथ्याङ्कहरु उपलब्ध गराई सहयोग गर्नुहुने जि.शि.का. झापा, पृथ्वीनगर, बनियानी र महेशपुर गा.वि.स.हरु, अरुणोदय प्रा.वि., नवदुर्गा प्रा.वि., बनियानी, कालीस्थान मा.वि. र लक्ष्मी नि.मा.वि, पृथ्वीनगर, भानु नि. मा.वि. र गणेश प्रा.वि. महेशपुर लगायत विभिन्न संघसंस्था, अभिभावकज्यूहरु तथा बालबालिकालाई म हृदयदेखि नै धन्यवाद दिन चाहन्छु ।

अन्तमा, प्रस्तुत शोधको डिजाइन एवम् छपाइमा सहयोग गर्नुहुने खनाल कम्युनिकेशन, बिर्तामोडका श्री चेतामणि खनाललाई धन्यवाद दिन चाहन्छु । मेरो यस कार्यप्रति सद्भाव राख्ने तथा सहयोग गर्ने सम्पूर्ण आफन्तजन, मित्रजन, सहपाठी मित्रहरु र शुभचिन्तक महानुभावहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु । धन्यवाद ।

**खड्गप्रसाद खरेल**

# शोध सार

यो शोध-पत्र सामुदायिक विद्यालयका प्राथमिक तहमा अध्ययन गर्ने दलित विद्यार्थीहरुले तह पूरा नगरी बीचैमा विद्यालय छाड्ने समस्यासँग सम्बन्धित छ । यो अध्ययन त्रि.वि. शिक्षाशास्त्र संकाय पाठ्यक्रम तथा मूल्याङ्कन विभाग जनता बहुमुखी क्याम्पस अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको आंशिक आवश्यकता पूर्तिको लागि तयार गरिएको हो ।

यस अध्ययनका उद्देश्यहरु अध्ययन क्षेत्र हिमाली स्रोत केन्द्र अन्तर्गतका प्राथमिक विद्यालयहरुमा दलित विद्यार्थीहरुको भर्नाको स्थिति र सहभागिताको अध्ययन गर्ने, अध्ययन क्षेत्रका विद्यालयहरुको कक्षा १ मा सहजै देखिने भर्नादर र खुद भर्नादर पत्ता लगाउने, स्रोतकन्द्र अर्न्तगतका विद्यालयहरुमा दलित विद्यार्थीहरुले बीचैमा विद्यालय छाड्ने संख्या पत्ता लगाउने र दलित विद्यार्थीहरुले बीचैमा विद्यालय छाड्नुका कारण र समाधानका उपायहरु खोजी गर्नुका साथै बीचैमा विद्यालय छाड्ने दर घटाउनका लागि अवलम्बन गर्नुपर्ने उपायहरु सिफारिस गर्नु रहेको छ ।

यस अध्ययनका लागि अध्ययन क्षेत्र छनौट गर्ने क्रममा झापा जिल्लाको पूर्व दक्षिणमा पर्ने हिमाली स्रोत केन्द्र अर्न्तगतका पृथ्वीनगर, बनियानी र महेशपुर गा.वि.स.हरु प्रत्येकबाट दुईवटाका दरले जम्मा ६ वटा विद्यालयका प्राथमिक तहमा अध्ययनरत दलित छात्र छात्राहरु छनौट गरिएको छ । यस अध्ययनमा प्राथमिक र द्वितीय स्रोतका तथ्याङ्कहरुलाई आधार बनाइएको छ । अभिभावक, पढाइ छाडेका बालबालिका, प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समिति अध्यक्ष, जिल्ला शिक्षा कार्यालय झापा, पृथ्वीनगर गा.वि.स., बनियानी गा.वि.स. महेशपुर गा.वि.स., जि.वि.स. झापा, दलितसंग सम्बन्धित गैह्रसरकारी संस्थाहरुबाट उद्देश्यमूलक रुपमा प्रश्नावली, अन्तर्वार्ता, सहभागितामूलक अवलोकन र छलफल विधिबाट तथ्याङ्क संकलन, विश्लेषण गरी निर्ष्कष निकालिएको छ ।

उक्त समस्यालाई संमाधान गर्न दलित समुदायमा चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, उनीहरुसंग समान व्यवहार गर्ने, उनीहरुको सहभागिता वृद्धि र स्थायित्वको निम्ति छात्रवृत्ति तथा निशुल्क शिक्षा कार्यक्रम सञ्चालन गर्ने, आय आर्जनको व्यवस्था मिलाई दिने, प्रौढका लागि प्रौढ साक्षरता कार्यक्रम सञ्चालन गर्ने, उदार कक्षोन्नति नीतिलाई प्रभावकारी

रुपमा सञ्चालन गर्ने, अतिरिक्त समयमा शिक्षण कार्यक्रम सञ्चालन गर्ने, सहयोगी प्रकृतिका कार्यहरु सञ्चालन गर्ने, जिल्ला शिक्षा कार्यालयले विशेष कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने र जातिय विभेदीकरण अन्त्य गर्ने जस्ता समाधानका उपायहरु सिफारिस गरिनुका साथै विभिन्न सुझावहरु यस शोधपत्रमा समावेश गरिएको छ ।

# विषय सूची


| पाठ | शीर्षक | पेज नं. |
|---|---|---|
| | सिफारिश पत्र | i |
| | स्वीकृति पत्र | ii |
| | शोधसार | iii -iv |
| | कृतज्ञता ज्ञापन | v |
| | विषय सूची | vi-viii |
| | तालिका सूची | ix |
| | चित्र सूची | x |

## परिच्छेद एक : परिचय

| | | |
|---|---|---|
| १.१ | अध्ययनको पृष्ठभूमि | १ |
| १.२ | समस्या कथन | ४ |
| १.३ | अध्ययनको औचित्य | ५ |
| १.४ | अध्ययनका उद्देश्यहरू | ५ |
| १.५ | अनुसन्धानात्मक प्रश्नहरू | ६ |
| १.६ | अध्ययनको परिसीमा | ६ |
| १.७ | पारिभाषिक शब्दहरु | ७ |

## परिच्छेद दुई : सैद्धान्तिक खाका र सम्बन्धित साहित्यको पुनरावलोकन

| | | |
|---|---|---|
| २.१ | सैद्धान्तिक खाका | ८ |
| २.२ | सम्बन्धित साहित्यको पुनरावलोकन | ११ |
| २.३ | अध्ययनको उपादेयता | १५ |

## परिच्छेद तीन : शोधविधि

| | | |
|---|---|---|
| ३.१ | अनुसन्धान ढाँचा | १६ |
| ३.२ | अध्ययनको जनसंख्या | १६ |
| ३.३ | नमुना छनोट विधि | १७ |
| ३.४ | तथ्याङ्कको स्रोत | १७ |

| | | |
|---|---|---|
| ३.५ | अध्ययनका साधनहरू | १८ |
| ३.६ | साधनको वैधता | १८ |
| ३.७ | तथ्याङ्क सङ्कलन प्रक्रिया | १९ |
| ३.८ | विश्लेषण प्रक्रिया | १९ |


## परिच्छेद चार : तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण


| | | |
|---|---|---|
| ४.१ | प्रस्तुती र व्याख्या | २० |
| ४.२ | कक्षा १ मा सहजै देखिने र खुद भर्नादर सम्बन्धी विश्लेषण | २० |
| ४.२.१ | अध्ययन क्षेत्रको विद्यार्थी विवरण | २० |
| ४.२.२ | अध्ययन क्षेत्रको खुद र सहजै देखिने भर्नादर | २१ |
| ४.२.३ | कक्षा १ को सहजै देखिने र खुद भर्नादर | २३ |
| ४.३ | दलित विद्यार्थीहरुको विद्यालय भर्नाको स्थिति विश्लेषण | २४ |
| ४.३.१ | अध्ययन क्षेत्रको दलित विद्यार्थी विवरण | २६ |
| ४.४ | दलित विद्यार्थीले बीचैमा विद्यालय छाड्ने दर सम्बन्धी विश्लेषण | २९ |
| ४.४.१ | बीचैमा विद्यालय छाड्ने दलित र अन्य जातिको विवरण | २९ |
| ४.५ | दलित विद्यार्थीहरूले बीचैमा विद्यालय छाड्नाको कारणहरू | २९ |
| ४.५.१ | दलित बालबालिकाहरूको पढाइप्रतिको रुचि | ३० |
| ४.५.२ | बीचैमा विद्यालय छोड्नुका जिम्मेवारमा पक्षहरू | ३० |
| ४.६ | अभिभावकको धारणा | ३० |
| ४.६.१ | विद्यालय छोड्नुको कारण | ३० |
| ४.६.२ | दलित अभिभावकहरूको शिक्षाप्रतिको दृष्टिकोण | ३१ |
| ४.६.३ | विद्यालय छोड्नुको कारण | ३१ |
| ४.७ | दलित विद्यार्थीको विद्यालय छोड्ने दर कम गर्नमा विभिन्न संघसंस्थाको भूमिका | ३२ |
| ४.७.१ | गैह्रसरकारी संस्थाको भूमिका | ३२ |
| ४.७.२ | सरकारी संस्थाको भूमिका | ३२ |

## परिच्छेद पाँच : परिणाम, निष्कर्ष र सुझाव


| | | |
|---|---|---|
| ५.१ | परिणाम | ३५ |
| ५.२ | निष्कर्ष | ३६ |
| ५.३ | सुझावहरू | ३८ |

**सन्दर्भ ग्रन्थसूचि**

**अनुसूचिहरु**

# तालिका सूची


| | | |
|---|---|---|
| १ | अध्ययनको ढाँचा | १६ |
| २ | नमुना छनौट तालिका | १७ |
| ३ | अध्ययन क्षेत्रको विद्यार्थी विवरण | २० |
| ४ | खुद र सहजै देखिने भर्नादर | २१ |
| ५ | कक्षा १ को भर्नादर | २३ |
| ६ | दलित जनसंख्या विवरण | २५ |
| ७ | अध्ययन क्षेत्रको दलित विद्यार्थी विवरण | २६ |
| ८ | बीचैमा विद्यालय छाड्नेदर सम्बन्धी विवरण | २९ |

# चित्र सूची


| | | |
|---|---|---|
| १ | झापा जिल्ला र अध्ययन क्षेत्रको दलित जनसंख्या विवरण | २५ |
| २ | दलित विद्यार्थी विवरण (२०६५) | २७ |
| ३ | दलित विद्यार्थी विवरण (२०६६) | २८ |